कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय, सुर्खेत

प.सं. : २०८२/०८३

च.नं. :

**दोश्रो पटक प्रकाशित मितिः २०८२/११/२८**

कृषि विकास निर्देशनालय, सुर्खेतको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यकमहरु सञ्चालन गर्न सुर्खेत जिल्लाका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुबाट निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८२/१२/०५ गते सम्म) भित्र कार्यालय समयमा यस निर्देशनालयमा देहाय बमोजिमका कागजात संलग्न राखी सूचिकृत हुनुका साथै निवेदन पेश गर्न हुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन कुनै सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गरिनेछ ।

**कार्यक्रम सम्बन्धी थप जानकारीको लागि फोन नं. ०८३-५२०१८१, सूचना अधिकारी- ९८५८०७१३०६ र कार्यालयको वेबसाइटः doad.karnali.gov.np मार्फत जानकारी लिन सकिनेछ।**

तपसिल

| क्र. सं. | कार्यक्रम | बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | युवा लक्षित कार्यक्रम (रिटर्नी रिटेन, भूकम्प प्रभावित एवम बेरोजगार) | ४००० | ✓ उमेर समूह २५ वर्ष देखि ५० वर्ष सम्म भएको<br>✓ विदेशबाट फर्किएर कृषि पेशामा आवद्द भएको,<br>✓ भूकम्प प्रभावित एवंम बेरोजगारलाई प्राथमिकता<br>✓ तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिईने<br>✓ अधिकतम अनुदान सीमा- तरकारी तथा मसलावाली (७५ हजार), च्याउ खेती (४० हजार), मौरीपालन (५० हजार), पुष्प खेती (५० हजार) |

चित्र बहादुर रोकाय
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं)
निमित्त निर्देशक

आवश्यक कागजातहरुः

१. कार्यक्रममा सूचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धी अनुसूचि-४ ।
२. कृषि व्यवसाय गर्ने अनुसूची-४ अनुसारको विवरण र प्रतिबद्धता ।
३. सम्वन्धित स्थानिय तहको सिफारीस पत्र ।
४. कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपी (समूह/सहकारीको लागि)।
५. संस्था दर्ता प्रमाण पत्र तथा गत आ.व.को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन ।
६. गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण ।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र तथा नागरिकताको फोटोकपी ।
८. विदेशबाट फर्किएको प्रमाणहरु
९. कार्यविधि अनुसार लाग्ने दस्तुर तथा नियमानुसार कर बुझाएको भौचर/रसिद।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ अनुसार हुनेछ।



Scanned with CamScanner